# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

..............................शाखा

बलम्बु, काठमाडौं
३ नं. प्रदेश, नेपाल

प.सं. ..........................
च.नं. ..........................

फोन नं. ०१-४३१५७६६
मिति :..............................

२०७६/०१/०२

**विषय** : शैक्षिक सत्र २०७६ का लागि विद्यालयहरुलाई निर्देशन ।

**विद्यालय सबै**
**चन्द्रागिरी नगरपालिका, काठमाण्डौ ।**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको र चन्द्रागिरी नगरपालिकाभित्र प्रारम्भिक बाल शिक्षा तथा विकास, आधारभूत र माध्यमिक शिक्षालाई व्यवस्थित र प्रभावकारीरुपमा सञ्चालन गर्ने तथा एकरुपता कायम गर्ने उद्देश्यले यस नगरपालिकाका सार्वजनिक तथा निजी लगानीका विद्यालयका प्रधानाध्यापकहरुको मिति २०७५।१२।२७ को बैठकको निर्णयसमेतका आधारमा शैक्षिक सत्र २०७६ का लागि विद्यालयहरुलाई निम्न अनुसार गर्नु गराउनु हुन निर्देशन गरिएको व्यहोरा अनुरोध छ ।

१. शैक्षिक सत्र २०७६ मा विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गर्न घरदैलो कार्यक्रम गरी आफ्नो सेवाक्षेत्रभित्रका सबै बालबालिकालाई विद्यालय भर्ना गर्न **"हाम्रो नगर हाम्रो गाउँ, सबै बालबालिकालाई विद्यालय पठाऔं"** भन्ने आदर्श वाक्यका साथ भर्ना अभियान सञ्चालन गर्ने । विद्यार्थी भर्ना गर्दा अभिभावकको रोहबरमा कक्षा वा तह उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्र लिएर, विद्यालयको नियम, कार्यक्रम, सुविधा र विद्यार्थी तथा अभिभावकको भूमिकाका बारेमा जानकारी गराउने ।

२. नगरपालिकास्तरीय शैक्षिक क्यालेण्डरका आधारमा विद्यालयको शैक्षिक कार्यक्रम बनाई योजनाबद्धरुपमा विद्यालय सञ्चालन गर्ने ।

३. शिक्षक र विद्यार्थीको हाजिरी नियमित गर्न विद्युतीय हाजिरीको प्रयोग गर्ने, विदा स्वीकृत गरेर मात्र विदामा बस्ने । विद्यार्थीको पठनपाठनमा अवरोध हुने गरी कुनै पनि शिक्षकको विदा स्वीकृत नगर्ने । बिना सूचना कुनै विद्यार्थी अनुपस्थित रहे अभिभावकसँग सम्पर्क गरी जानकारी लिने, दिने ।

४. कुनै शिक्षकको अनुपस्थितिमा पनि पठनपाठन नरोकिने गरी कक्षा सञ्चालन हुने व्यवस्था मिलाउने । शिक्षक पद रिक्त हुने बित्तिकै पदपूर्ति गर्न नगरपालिकाबाट अनुमति लिने ।

५. विद्यार्थीको प्रगति विवरणका बारेमा छलफल गर्न नियमितरुपमा अभिभावकसँग भेटघाट र अन्तर्क्रिया गर्ने ।

६. प्रधानाध्यापकले नियमितरुपमा पठनपाठनको सुपरीवेक्षण गर्ने ।

७. बैशाख महिनाभित्र आफ्नो विद्यालयको स्वःमूल्यांकन चेकलिस्ट तयार गरी प्रदर्शन गर्ने । सरोकारावालाहरु सम्मिलित कम्तिमा १ दिने कार्याशाला सञ्चालन गरी विद्यालय सुधार योजना निर्माण गरी जेठ महिनाभित्र अनिवार्यरुपमा यस नगरपालिकामा पेश गर्ने ।

८. पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री मात्र पठनपाठनका लागि प्रयोग गर्ने । नगरपालिकाबाट स्वीकृती लिई स्थानीय पाठ्यक्रम निर्माण गरी नियमितरुपमा स्थानीय विषयको पठनपाठन गर्ने ।

९. सामाजिक परीक्षण निर्देशिका २०६५ (पहिलो संशोधन,२०७१) बमोजिम प्रत्येक विद्यालयले सामाजिक परीक्षण गराउने ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
.................... शाखा
बलम्बु, काठमाडौं
३ नं. प्रदेश, नेपाल
प.सं. ........................
च.नं. ........................
फोन नं. ०१-४३१५७६६
मिति :..............................

१०. अध्यापनरत शिक्षकलाई निजी ट्युसन वा कोचिङ् कक्षा पढाउन र सञ्चालन गर्न रोक लगाउने । अभिभावकसँगको सल्लाहमा विद्यालयले थप सहायता कक्षा सञ्चालन गर्न सक्ने ।

११. सार्वजनिक विद्यालयका शिक्षक तथा कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र अन्यत्र कुनै काम वा व्यवसाय गर्न सक्ने ।

१२. बैशाख ३० गतेभित्र स्थायी शिक्षकको कार्यसम्पादन फाराम शिक्षक सेवा आयोग नियमावली अनुसार भरी सुपरीवेक्षकबाट मूल्याङ्कन गर्ने गरी विद्यालयमा सङ्कलन गर्ने ।

१३. सबै विद्यालयले जेठ १५ गतेभित्र शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) अद्यावधिक गरी नगरपालिकामा पेश गर्ने ।

१४. भर्नासँगै सार्वजनिक विद्यालयका विद्यार्थीलाई सेटमा नै नयाँ पाठ्यपुस्तक उपलब्ध गराउने ।

१५. चार वर्ष उमेर पुगेका बालबालिकालाई प्रारम्भिक बाल शिक्षा कक्षामा भर्ना गर्ने, गराउने । विद्यालय उमेर समूहभन्दा बढी उमेर भएका व्यक्तिलाई नियमित तथा वैकल्पिक सिकाइ अवसर प्रदान गर्ने व्यवस्था मिलाउने ।

१६. प्रत्येक विद्यार्थीको आन्तरिक क्षमता (प्रतिभा) पहिचान गरी कक्षा ८ उत्तीर्ण प्रत्येक विद्यार्थीको भविष्यको सफलताको क्षेत्र एकिन गरी अभिभावकलाई जानकारी दिने ।

१७. विद्यालय उमेर समूहका कुनै बालबालिका विद्यालयभन्दा बाहिर रहेको र उनीहरुलाई विद्यालय भर्ना गर्न कुनै समस्या भए सम्बन्धित वडा कार्यालय तथा नगरपालिकामा समयमै जानकारी गराउने ।

..........................
कर्णबहादुर भुवाजी
उपसचिव (प्रा.)
शिक्षा, युवा तथा खेलकुद शाखा
चन्द्रागिरी नगरपालिका